# लमही नगरपालिका

# स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन कार्यविधि, २०७७

लमही नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ्ग

लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०६।२८ गते

Scanned with CamScanner

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०६।२८

प्रमाणिकरण मिति : २०७७।०६।२८

**लमही नगरपालिका स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७**

**प्रस्तावना** : स्थानीय स्वास्थ्य संस्थावाट प्रदान गरिने स्वास्थ्य सेवालाई उपलव्ध श्रोत साधनको अधिकतम् सदुपयोग गरी थप व्यवस्थित, जनमुखी र प्रभावकारी वनाउन, स्वास्थ्य सेवाको व्यवस्थापन र सञ्चालन स्थानीय तहको नेतृत्वमा परिचालन गर्न नेपालको संविधानको धारा २१४ वमोजिम अनुसुची ८ र ९ को अधिकार तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) झ प्रयोग गरी स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालनका लागि यो सञ्चालन कार्यविधि वनाइएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१ .संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम लमही नगरपालिका, स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएपछि लागु हुनेछ ।

(२). परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले संविधानको धारा २१६ वमोजिम गठित नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भंन्नाले नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "नगरपालिंका" भन्नाले लमही नगरपालिका सम्झनु पर्छ ।

(च) "वडा अध्यक्ष" भन्नाले लमही नगरपालिकाको सम्वन्धित वडाको निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ ।

(छ) "कार्यपालिका सदस्य" भन्नाले नगरपालिकाको नगर कार्यपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

(ज) "वडा सदस्य" भन्नाले नगरपालिकाको सम्वन्धित वडाका सवै निर्वाचित सदस्य सम्झनु पर्छ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिका क्षेत्र भित्र रहेका १५ सैया सम्मको अस्पताल, सरकारी आयुर्वेद औषधालय तथा केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र शहरी स्वास्थ्य केन्द्र, वर्थिङ्ग सेन्टर र सामुदायिक स्वास्थ्य इकाइ सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले यस कार्यविधि वमोजिम गठन भएको स्वास्थ्य संस्थाहरुलाई सुव्यवस्थित ढङ्गवाट सञ्चालन गर्न नगरपालिकाले गठन गरेको स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

लमही नगरपालिकाको कार्यालय, दाङ, लुम्बिनी प्रदेश

२०७७।६।२८

नगर प्रमुख

Scanned with CamScanner

(ट) "संरक्षक" भन्नाले नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ठ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनुपर्छ ।

(ड).उपाध्यक्ष भन्नाले समितिको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ढ) "सदस्य सचिव" भन्नाले स्वास्थ्य संस्थाको प्रमुख वा सो कार्य गर्न तोकिएको कर्मचारीलाई संम्झनुपर्छ ।

(ण) "संस्था प्रमुख" भन्नाले संस्थामा कार्यरत कर्मचारीहरु मध्ये प्रमुखलाई सम्झनु पर्छ ।

(त) "कर्मचारी" भन्नाले संस्थामा कार्यरत सवै कर्मचारीहरुलाई सम्झनु पर्छ ।

(थ) "कार्यक्षेत्र" भन्नाले सम्वन्धित स्वास्थ्य संस्थावाट नियमित रुपमा स्वास्थ्य सेवा लिने समुदायहरुले समेटेको भौगोलिक क्षेत्र र जनसंख्या तथा संस्थाले प्रवाह गर्ने सेवाहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## व्यवस्थापन तथा संचालन समिति सम्बन्धमा

**३. अस्पताल व्यवस्थापन समितिको गठन :** (१) लमही अस्पताललाई व्यवस्थित ढंगले सन्चालन गर्न देहाय बमोजिमको समिति रहनेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) उप-प्रमुख -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक -सदस्य

(ङ) अस्पताल रहेको वडाको वडा अध्यक्ष - सदस्य

(च) सामाजिक क्षेत्रमा कार्य गरी अनुभव हासिल गरेका स्थानीय वुद्धिजीवी मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरि समितिको सिफारिसमा कार्यपालिकावाट मनोनित तीन जना -सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले छनौट गरेको एक जना स्वयंसेविका -सदस्य

(ज) अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट - सदस्य सचिव

(२) मनोनित सदस्यको कामप्रति अध्यक्ष स्वयम् सन्तुष्ट नभएमा मनोनित सदस्यलाई समितिको सिफारिसमा कार्यपालिकाबाट फिर्ता गर्न सकिनेछ । यसरी मनोनयन फिर्ता गरेमा मनोनित सदस्यको पदावधि समाप्त भएको मानिनेछ । काम सन्तोषजनक भई अर्को व्यक्ति मनोनयन नगरेसम्म मनोनित सदस्यको पदावधि सामान्यतया २ वर्ष कायम रहनेछ ।

(३) समितिको सिफारिसमा कार्यपालिकाले अर्को व्यक्तिलाई मनोनित नगरेसम्म मनोनित सदस्यको पदावधि २ वर्षसम्म कायम रहनेछ ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश

२०७८/३/२८

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

(४) समितिले छनौट गरेको सदस्यको पदावधि सामान्यतया एक पटकको लागि दुई वर्ष कायम रहनेछ ।

(५) सदस्यको स्थान रिक्त रहन गएमा जुन सदस्यको पद रिक्त रहन गएको हो सोही बमोजिम छनौट वा मनोनयनद्वारा पूर्ति गरिनेछ ।

(६) छनौट भएका सदस्यहरु पुन : एक कार्यकालका लागि दोहोरिन सक्नेछन् ।

(७) सदस्य सचिवको पदावधि सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुखको हैसियतमा कार्यरत रहदासम्म मात्र कायम रहनेछ ।

(८) लमही अस्पताल व्यवस्थापन तथा संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ

(क) स्वास्थ्य संस्था संचालन गर्न श्रोत साधनको व्यवस्थापन गर्ने

(ख) लमही अस्पतालको आवश्यकता अनुरुपको संगठन स्वरुप तयार गरी स्वीकृतिका लागि नगरपालिकामा सिफारिस गर्ने

(ग) अस्पतालको आन्तरिक आम्दानीतर्फको योजना तथा कार्यक्रम स्वीकृत गर्ने

(घ) नागरिकप्रति जवाफदेही भई गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ङ) अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई विश्वासिलो र भरपर्दो बनाउन आवश्यक निर्णय गर्ने

(च) प्राथमिक स्वास्थ्य सेवालाई जनताको आधारभुत अधिकारको रुपमा स्थापित गर्न अस्पतालको समग्र पक्षको संचालन, व्यवस्थापन र आवश्यक नियन्त्रण गर्ने

**४) स्वास्थ्य चौकी/ आधारभुत स्वास्थ्य केन्द्र,नगर स्वास्थ्य केन्द्र/ सामुदायिक स्वास्थ्य इकाई/आयुर्वेद औषधालय संचालन तथा व्यवस्थापन समितिको गठन :**

(१) अस्पताल बाहेकका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र संचालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको स्वास्थ्य संस्था व्यवस्थापन सहजीकरण समिति रहनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(ख) संरक्षकले तोकेको व्यक्ति -उपाध्यक्ष

(ख) स्थानीय बुद्धिजीवी मध्येबाट एक जना महिलासहित समितिको अध्यक्षद्वारा मनोनित दुई जना -सदस्य

(ग) स्वास्थ्य संस्था रहेको वडाको वडा सचिव - सदस्य

(घ) समितिले छनौट गरेको महिला स्वास्थ्य स्वयंसेविका १ जना - सदस्य

Scanned with CamScanner

(ङ) स्थानीय दलित, जनजाति, अपाङ्ग मध्येबाट प्रतिनिधित्व हुन नसकेका वर्गको प्रतिनिधित्व हुनेगरी समितिले छनौट गरेको २ जना -सदस्य

(च) अध्यक्षले मनोनयन गरेको सम्वन्धित वडा भित्रको कुनै विद्यालयमा स्वास्थ्य विषय अध्यापन गराउने शिक्षक १ जना -सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

(२) मनोनित सदस्यको कामप्रति अध्यक्ष स्वयंम् सन्तुष्ट नभएमा मनोनित सदस्यलाई समितिको निर्णयबाट फिर्ता गर्न सक्नेछ । यसरी मनोनयन फिर्ता गरेमा मनोनित सदस्यको पदावधि समाप्त भएका मानिनेछ । काम सन्तोषजनक भई अर्को व्यक्ति मनोनयन नगरेसम्म अध्यक्षद्वारा मनोनित सदस्यको पदावधि सामान्यतया अध्यक्ष वहाल रहुन्जेल कायम रहनेछ ।

(३) समितिले छनौट गरेको सदस्यको पदावधि एक पटकको लागि दुई वर्ष कायम रहनेछ ।

(४) सदस्यको स्थान रिक्त रहन गएमा जुन सदस्यको पद रिक्त रहन गएको हो सोही बमोजिम छनौट वा मनोनयनद्वारा पूर्ति गरिनेछ ।

(५) मनोनयन तथा छनौट भएका सदस्यहरु पुन : एक कार्यकालका लागि दोहोरिन सक्नेछन् ।

(६) सदस्य सचिवको पदावधि सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुखको हैसियतमा रहेसम्म मात्र कायम रहनेछ ।

५. स्वास्थ्य संस्था व्यवस्थापन तथा सहजीकरण समितिको काम कर्तव्य र अधिकार : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संघीय, प्रदेश तथा नगरपालिकाले बनाएको ऐन कानून, नियमावली तथा संरक्षकको निर्देशन अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्ने गराउने ।

(२) स्वास्थ्य संस्था सञ्चालन गर्न आवश्यक नीति योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

(३) स्वास्थ्य संस्थाको प्रतिवेदनको समिक्षा गर्ने, सुझाव दिने तथा संस्थाको आवश्यक योजनालाई आधारमानी योजना तर्जुमा गर्ने ,

(४) स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिने ,

(५) कार्यरत कर्मचारीको मूल्याङ्कन गरी पुरस्कार तथा दण्डको सिफारिस नगर कार्यपालिका तथा सम्वन्धित निकायमा गर्ने,

(६) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिवारे पुनरावलोकन गरी जनस्वास्थ्य सेवा कार्यक्रम, स्वास्थ्य सेवा सञ्चालन आदि बारेमा समस्याहरु समाधान गर्न कार्यान्वयन गर्ने र समाधान हुन नसकेका समस्याहरुको निराकरणको लागि सम्वन्धित निकायमा पठाउने ।

(७) कार्यक्रमको लक्ष्य तथा उपलब्धिबारे छलफल गर्ने ।

(८) माथिल्लो निकायहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु भए तिनको जानकारी र कार्यान्वयन गर्ने ।

(९) स्वास्थ्य संस्थामा रहेको भौतिक सम्पत्ति, उपकरण औषधीको संरक्षण, उचित उपयोग गर्ने ।

लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ, लुम्बिनी प्रदेश

०६६।३।२८

नगर प्रमुख

Scanned with CamScanner

(१०) सेवाको गुणस्तर वृद्धि तथा सेवा विस्तार गर्न योजना निर्माण गरी कार्य गर्ने, कर्मचारीहरुको कार्यको मूल्याङ्कन अनुगमन रेखदेख नियन्त्रण गर्ने ।

(११) जनसहभागिता जुटाई अन्य कार्यहरु गर्ने ।

**६. बैठक र बैठकको गणपुरक संख्या :**

(१) अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठकको एजेण्डाहरु तयार गर्नेछ ।

(२) बैठकको एजेण्डाहरु तयार भई सकेपछि अध्यक्षको निर्देशानुसार बैठक वस्ने मिति, समय , स्थान र एजेण्डाहरु उल्लेख गरी कम्तिमा २४ घण्टा अघि नै सबै सदस्यहरुलाई सदस्य सचिवले जानकारी गराउनुपर्नेछ ।

(३) अन्यथा जानकारी भएमा बाहेक समितिको बैठक संस्था रहेको स्थानमा वस्नेछ ।

(४) समितिको बैठक बस्न कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित हुनुपर्नेछ ।

(५) पहिलो पटक गणपुरक संख्या नपुगी बैठक बस्न नसकेमा तीन दिनभित्र दोश्रो बैठक वोलाउनु पर्नेछ ।

(६) यसरी दोश्रो पटक वोलाइएको बैठकमा जतिसुकै सदस्य उपस्थित भए पनि गणपुरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद-३

## प्रमुख तथा पदाधिकारीको काम कर्तव्य, अधिकार

**७.** नगर प्रमुखको काम, कर्तव्य र अधिकार : दफा ८ का अतिरिक्त नगर प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

(क) लमही अस्पतालको संचालक समितिको अध्यक्ष भई कार्य गर्ने

(ख) लमही अस्पताललाई व्यवस्थित बनाउन संघ, प्रदेशसंग आवश्यक समन्वय गर्ने

(ग) लमही अस्पतालको समग्र व्यवस्थापकीय पक्षको अनुगमन, नियमन, रेखदेख, नियन्त्रण र संरक्षण गर्ने

(घ) नगरभित्रका अन्य स्वास्थ्य संस्थाहरुको संरक्षकको रुपमा कार्य गर्ने

(ङ) सबै स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहप्रतिको गुनासो सुनुवाई गर्ने

(च) गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न गराउन स्वास्थ्य संस्थाहरुलाई आवश्यक निर्देशन दिने

**८.** अध्यक्षको काम, कर्तव्य र अधिकार :

(ख) स्वास्थ्य संस्थाका अध्यक्षहरुले नगरप्रमुखसंग समन्वय गरी स्वास्थ्य संस्थालाई व्यवस्थित ढंगले सञ्चालन गर्ने ।

(ग) समितिको बैठक वोलाउन सदस्य-सचिवलाई निर्देशन गर्ने,

लमही नगरपालिकाको कार्यालय लमही, लुम्बिनी प्रदेश

०७८।६।३।२८
कुल बहादुर ... क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

(घ) स्वास्थ्य संस्थाको दैनिक कार्यको रेखदेख गरी निर्देशन गर्ने,

(ङ) समितिका सदस्यहरुलाई जिम्मेवारी तोकी काममा लगाउने,

(च) समितिले तोकेको अन्य काम गर्ने, गराउने ।

९. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : (१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भइ काम गर्ने ।

१०. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

(१) अध्यक्षको निर्देशनमा समितिको वैठक वोलाउने, वैठकमा प्रतिवेदन पेश गर्ने, निर्णय टिपोट गर्ने र निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(२) स्वास्थ्य संस्थाको प्रमुखको रुपमा कार्य गर्ने

(३)नगरपालिकाको निर्णय तथा निर्देशन र प्रचलित कानून वमोजिम तोकिएका कार्य गर्दै स्वास्थ्य संस्थालाई सञ्चालन गर्ने ।

(३) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई संस्थाको उद्देश्य प्राप्तीका लागि परिचालन गर्ने

(४) नगरपालिका र व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

११. सदस्यको काम, कर्तव्य र अधिकार : समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(१) वैठकमा सहभागी हुने ।

(२) समिति तथा अध्यक्षले तोकेको कार्यहरु गर्ने गराउने ।

(३) स्वास्थ्य संस्थालाई राम्रोसंग संचालन हुने गरी व्यक्तिगतरुपमा सहयोग गर्ने

(४) स्वास्थ्य संस्था सञ्चालन गर्न जनसहभागिता जुटाउन सहयोग गर्ने ।

## परिच्छेद ४ : कोषको संचालन र कर्मचारी व्यवस्थापन

**१२. कोषको व्यवस्थापन र संचालन**

(१) अस्पतालमा एक अस्पताल विकास कोष रहनेछ भने **स्वास्थ्य चौकी,आयुर्वेद औषधालय, आधारभुत स्वास्थ्य केन्द्र र नगर स्वास्थ्य केन्द्रमा स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन कोष रहनेछ ।**

(२) देहाय अनुसारका रकमहरु कोषमा जम्मा गर्न सकिनेछ ।

(क) संघीय सरकारवाट सोझै प्राप्त हुने रकम,
(ख) प्रदेश सरकारवाट सोझै प्राप्त हुने रकम
(ग) लमही नगरपालिकावाट प्रप्त हुने रकम
(घ) स्वास्थ्य संस्थाले संकलन गर्ने शूल्क, दस्तुर वापतको रकम
(ङ) अन्य संघ, संस्था र व्यक्तिवाट सहयोग स्वरुप प्राप्त हुने रकम
(च) अन्य जुनसुकै श्रोतवाट कानून वमोजिम प्राप्त हुने रकम

(३) अस्पताल स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य केन्द्र ,आयूवेद औषधालय र नगर स्वास्थ्य केन्द्र संचालनको कममा विभिन्न सेवा शुल्क र दस्तुर लमही नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

Scanned with CamScanner

(४) कोषको खाता संचालन :

(१) अस्पतालमा रहेको कोषको खाता संचालन देहाय अनुसार हुनेछ :

(क) अस्पतालको खाता संचालन मेडिकल सुपरिटेण्डेण्ट र सह लेखापालवाट हुनेछ।

(ख) मेडिकल सुपरिटेण्डेण्टको पद रिक्त रहन गएमा समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने गरी नगर कार्यपालिकाले तोकेको व्यक्ति र सहलेखापालबाट हुनेछ।

(ग) मे.सु. र सहलेखापाल दुवै पद रिक्त रहन गएमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) स्वास्थ्य संस्थामा रहेको कोषको खाता संचालन देहाय अनुसार हुनेछ :

(क) स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको वडा सचिववाट हुनेछ।

(५) कोषको अन्तिम लेखा परीक्षण लमही नगरपालिकाले तोकेको लेखा परीक्षकवाट वा महालेखा परीक्षकको कार्यालयवाट गराउनु पर्नेछ। लेखा श्रेष्ता राख्ने, लेखा परीक्षण गराउने र बेरुजु फछ्र्यौट गराउने दायित्व खाता संचालन गर्ने पदाधिकारीहरुको रहनेछ।

(६) लमही अस्पतालको संचालित कोषबाट भए गरेको आम्दानी तथा खर्चको मासिक विवरण सदस्य सचिवले महिना सकिएको एक हप्ताभित्र नगरपालिकामा पठाउनु पर्नेछ। साथै सदस्य सचिवले उक्त विवरणको प्रतिवेदन लगतै बस्ने समिति बैठकमा पेश गर्नुपर्नेछ।

(७) अन्य स्वास्थ्यसंस्थाको मासिक आय-व्यय विवरण सदस्यसचिवले समिति बैठकमा पेश गर्नुपर्नेछ।

१३. कर्मचारी व्यवस्थापन : (१) स्वास्थ्य संस्थामा हाल कार्यरत स्थायी कर्मचारीहरु स्वास्थ्य सेवा ऐन, २०५३ तथा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम नै हाललाई कार्यरत रहेको मानिनेछ।

(२) ,आधारभुत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाइ,उप केन्द्रमा कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा नगरपालिकाले तोकेबमोजिम हुनेछ।

(३) संघ र प्रदेशले वनाएको स्वास्थ्य सम्बन्धी ऐन नियममा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाले नगर क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई आवश्यकता अनुसार काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ।

**१४. सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्था :**

(१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनको लागि स्वास्थ्य चौकी /अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा स्वास्थ्य चौकी /अस्पतालले लिन सक्ने सेवा शुल्क प्रचलित कानुनमा तोकिएको अवस्थामा सोही बमोजिम र नतोकेको अवस्थामा लमही नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१५. कार्यविधिमा हेरफेर तथा संशोधन :** लमही नगर कार्यपालिकाले उल्लेखित कार्यविधिमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

**१६. व्याख्या गर्ने अधिकार :**यस कार्यविधिमा उल्लिखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा नगर कार्यपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ।

**१७ स्वतः अमान्य हुने :** यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

०७६।३।२८

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

## परिच्छेद-५

**१८. बचाउ** : (१) यस कार्यविधिमा लेखिए बाहेकको व्यवस्था स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार संचालन ऐन, २०७४ र समायोजन ऐन २०७५ तथा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

(२) लमही नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरु यसै कार्यविधि बमोजिम सञ्चालन भएको मानिनेछ ।

(३) यो कार्यविधि स्वीकृत हुनुभन्दा अगाडी नगरपालिकामा क्रियाशिल रहेका स्वास्थ्य स्वयं सेविकाहरु यसै कार्यविधि अनुसार क्रियाशिल रहेको मानिनेछ ।

(४) महिला स्वास्थ्य स्वयं सेविकाहरुको सेवा, सर्त र सुविधा नेपाल सरकार, संघीय तथा प्रदेश कानुन र नगरपालिकाले तोके बमोजिम हुनेछ ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

...बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner